# जिल्ला समन्वय समितिको कार्यालय

जिल्ला समन्वय समितिको कार्यालय कुम्भपर्वत

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको**

**२०७८ साल कार्तिक १ देखि २०७८ साल पुष मसान्तसम्म सम्पादित प्रमुख क्रियाकलापहरु**

**(स्वतः प्रकाशन)**

## १. कार्यालयको स्वरुप र प्रकृति

नेपालको संविधानको भाग १७ धारा २२० मा जिल्ला सभा र जिल्ला समन्वय समिति सम्बन्धी व्यवस्था रहेको छ। जसअनुसार जिल्ला भित्रका गाउँ कार्यपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगर पालिकाका प्रमुख र उपप्रमुख सदस्य रहनेगरी गाउँपालिका र नगरपालिकाहरुबीच समन्वय गर्न एक जिल्ला सभा रहनेछ। जिल्ला सभाले एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसंख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितको निर्वाचन गर्नेछ । जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्य सम्पादन गर्नेछ । सम्बन्धित जिल्लाभित्रको गाउँ सभा वा नगर सभाको सदस्य जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्य पदको उम्मेदवार हुन योग्य हुने व्यवस्था रहेको छ।

## २.कार्यालयको काम, कर्तव्य र अधिकार

नेपालको संविधान बमोजिम जिल्ला सभाको काम, कर्तव्य र अधिकार अन्तर्गत जिल्लाभित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने, विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने, जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने तथा प्रदेश कानून बमोजिमका अन्य कार्यहरु गर्ने रहेका छन् ।

त्यसैगरी संविधानको धारा २२० को उपधारा (७) मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ बमोजिम जिल्ला सभाका अन्य काम, कर्तव्य र अधिकारको व्यवस्था गरेको छ । जसमध्ये जिल्लाभित्रका गाउँपालिका वा नगरपालिकाबिचको विकास निर्माणका विषय पहिचान गर्ने तथा व्यवस्थापन गर्ने आवश्यक समन्वय गर्ने, जिल्लाभित्र सरकारी तथा गैर सरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने, जिल्ला भित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा संघसँग समन्वय गर्ने, जिल्लाभित्रका गाउँपालिका र नगरपालिका बिचमा कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने लगायतका कार्यहरु रहेका छन् ।

जिल्ला समन्वय अधिकारी

## ३. कार्यालयको संगठन संरचना, कर्मचारी संख्या र कार्य विवरण

### संगठन संरचना




जिल्ला समन्वय अधिकारी

## जिल्ला समन्वय समिति, पर्वतका पदाधिकारीहरुको संक्षिप्त परिचय

| क. सं. | नाम/ थर | पद | ठेगाना | सम्पर्क नं: | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री मनोहर वि. पौडेल | प्रमुख | कुश्मा न.पा. | ९८५७६४९९९९ | |
| २ | श्री याम कुमारी राना | उप-प्रमुख | पैयुँ गा.पा. | ९८४६०८३७८६ | |
| ३ | श्री शर्मिला नेपाली | सदस्य | पैयुँ गा.पा. | ९८४७४३१९९७ | |
| ४ | श्री विष्णुमाया पौडेल | सदस्य | विहादी गा.पा. | ९८६१०६१८३६ | |
| ५ | श्री विष्णुराम वि.क | सदस्य | महाशिला गा.पा. | ९८५७६३०५७३ | |
| ६ | श्री कविता वि.क | सदस्य | फलेवास न.पा. | ९८५७६३०५१२ | |
| ७ | श्री ज्ञान वहादुर भण्डारी | सदस्य | कुश्मा न.पा. | ९८४७६२१६६६ | |
| ८ | श्री नन्दलाल सुवेदी | सदस्य | मोदी गा.पा. | ९८५७६३०६०४ | |
| ९ | श्री ओम प्रसाद रेग्मी | सदस्य | जलजला गा.पा. | ९८५७६४१५८२ | |

## जिल्ला समन्वय समितिका कर्मचारीहरुको विवरण

| क. सं. | नाम/ थर | पद | ठेगाना | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | सुरेश ढकाल | जिल्ला समन्वय अधिकारी | आधीखोला गा.पा. वडा नं. ६ स्याङ्जा | ९८५६०३०८२५ | |
| २ | करुणा आचार्य | शाखा अधिकृत | ललितपुर म.न.पा. १८ | ९८४१७०८१२८ | |
| ३ | निर्मला भण्डारी | नायव सुब्बा | जलजला गा.पा. ४ पर्वत | ९८४७७६९४८१ | |
| ४ | गौरव वि. पौडेल | नायव सुब्बा (प्रमुखको निजि सचिवालय) | कु.न.पा. वडा नं ६ पर्वत | ९८४७६४७८३५ | |
| ४ | मीना कुमारी शर्मा | खरिदार | फलेवास न. पा. ४ पर्वत | ९८४७७०९९९३ | |
| ५ | राजेन्द्र वि.क | हसचा | कु.न.पा.४ पाखाथर | ९८४७६२०९३१ | |

जिल्ला समन्वय अधिकारी

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | हर्क वहादुर सुदार | हसचा | कु.न.पा. वडा नं. २ खुर्कोट | ९८४७६४३३४४ | |
| ७ | विवेक पौडेल | कार्यालय सहयोगी | मोदी गाउपालिका वडा नं. ६ | ९८४७७७२७७२ | |
| ८ | विजया कुमारी सुवेदी (आचार्य) | कार्यालय सहयोगी | जलजला गाउपालिका ७ | ९८४७६७२५४६ | |
| ९ | शान्ति दर्जी | कार्यालय सहयोगी | मोदी गाउपालिका वडा नं ६ | ९८४७६४७३७५ | |

४. कार्यालयबाट प्रदान गरिने सेवाः

- नेपालको संविधान बमोजिम जिल्लाभित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने, विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने, जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने तथा प्रदेश कानून बमोजिमका अन्य कार्यहरु गर्ने रहेका छन् ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ बमोजिमका तथा कानूनले तोके बमोजिमका कार्यहरु ।

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख

| शाखा | कर्मचारीको नाम थर तथा पद |
|---|---|
| कार्यालय प्रमुख | श्री सुरेश ढकाल, जिल्ला समन्वय अधिकारी |
| प्रशासन | श्री करुणा आचार्य, शा. अ.<br>सूचना अधिकारी |
| प्रशासन जिन्सी | श्री निर्मला भण्डारी, ना. सु. |
| आर्थिक प्रशासन | श्री सुभाष घर्ती, स.लेखापाल |

जिल्ला समन्वय अधिकारी

६. सेवा प्राप्त गर्न लागने दस्तुर र अवधिः

जिल्ला समन्वय समितिको कार्यालयबाट प्रदान हुने सेवाहरु निशुल्क रुपमा प्रदान हुने गरेको ।

७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

- शाखासँग सम्बन्धित नियमित कार्यहरु शाखा प्रमुखबाट ।
- विशेष निर्णय तथा कार्यालय प्रमुखबाट हुनुपर्ने भनी तोकिएका कार्यहरु कार्यालय प्रमुखबाट।
- नीतिगत विषयका निर्णयहरु जिल्ला समन्वय समितिबाट हुने ।

८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

- जिल्ला समन्वय समिति प्रमुख
- जिल्ला समन्वय अधिकारी

९. सम्पादन गरेको कामको विवरणः

**जिल्ला समन्वय समिति, पर्वतबाट यस अवधिमा सम्पादित मुख्य मुख्य कार्यहरुः**

- २०७८ कार्तिक १ देखि २०७८ पुष मसान्तसम्म जिल्ला समन्वय समितिको ३ वटा बैठक बसी विभिन्न निर्णयहरु गरेको छ ।
- २०७८ कार्तिक १६ र १७ गते पर्वत जिल्लाका स्थानीय तहहरु र संघ प्रदेशका विकास आयोजना संचालन गर्ने कार्यालयहरुले गत आ.व. २०७७/७८ मा गरेका कार्यक्रमहरुको प्रगति सम्बन्धमा समिक्षा बैठक गरी समिक्षा प्रतिवेदन तयार गरेको ।
- जिल्लाभित्रका विकाससँग सम्बन्धित कार्यालयहरुले संचालन गरेका आयोजना तथा कार्यक्रमहरुको जिल्ला समन्वय समितिका पदाधिकारी तथा जि.स.स. कार्यालयका कर्मचारीहरुबाट अनुगमन तथा निरीक्षण कार्य भएको ।

जिल्ला समन्वय अधिकारी

- २०७८ मंसिर १८ र १९ गते स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन जिल्ला स्तरीय अनुशिक्षण कार्यक्रम जिल्ला समन्वय समितिको आयोजना र गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको सहकार्यमा संचालन गरिएको ।
- स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनको अनुगमन गरिएको ।

१०. सूचना अधिकारी र प्रमुखको नाम र पदः

१. कार्यालय प्रमुखः- श्री सुरेश ढकाल, जिल्ला समन्वय अधिकारी
२. सूचना अधिकारीः- श्री करुणा आचार्य, शाखा अधिकृत

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः

- स्थानीय सरकार संचालन ऐन, २०७४
- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७
- बातावरण संरक्षण ऐन, २०७६
- सुशासन व्यवस्थापन तथा संचालन ऐन, २०६४ नियमावली, २०६५
- "ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७"
- "ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, संकलन, क्रसिङ्ग र विक्रि वितरण तथा क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्ने कार्यविधी, २०७५"
- जिल्ला समन्वय समितिको मौज्दात कोष संचालन निर्देशिका, २०७५

जिल्ला समन्वय अधिकारी